# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक



**विज्ञापन, लेख, रचना र ताजा समाचारका लागि प्रत्येक हप्ताको बुधबार कालिकोटबाट प्रकाशन हुने मिसन न्यूज राष्ट्रिय साप्ताहिक पढ्न नभुल्नु होला । साथै**

www.missionenews.com

अनलाईन पत्रिका समेत संचालनमा आएको जानकारी गरिन्छ ।



| वर्ष-२ | अंक-३८ | २०७४ चैत्र २१ गते बुधबार | 04 April 2018 Wednesday | मूल्य रू. १०/- |
|---|---|---|---|---|


# झोलामै सिमित स्थानीय सरकार

**मिसन न्यूज**

**कालिकोट**-स्थानीय तहको निर्वाचन भएको एक वर्ष बित्नै लाग्यो । तर, स्थानीय तह पुरानै शैलीमा संचालन भईरहेका छन् । जिल्लाका ९ स्थानीय तहको सानोतिनो कामदेखि आर्थिक कारोबार सदरमुकाममै हुने गरेको छ । जिल्लामा स्थानीय सरकार चुनिएको स्थानीयले सामान्य महशुस मात्र गरेका छन् ।

एक वर्षसम्म सदरमुकाम केन्द्रित स्थानीय तह पुरानै संरचनामा सिमित देखिएको नागरिकहरुको गुनासो छ । ११ महिना बित्दा पनि स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीले झोलामै कार्यालय संचालन गरिरहेका छन् । अधिकांस स्थानीय नागरिकहरु स्थानीय सरकारबाट सन्तुष्ट देखिएका छैनन् । नयाँ जनप्रतिनिधि र नयाँ संरचनाले पुरानो शैलीको गतिविधि गर्दा नागरिकलाई झन मर्का परेको नागरिक समाज कालिकोटका संयोजक दमनराज बमले बताए । 'गाउँमा न कर्मचारी भेटिन्छन् नत जनप्रतिधिनिधि नै । स्थानीय सरकार नामको मात्र छ । स्थानीय सरकारका मालिक सदरमुकाम छोड्दैनन् ।' पलाँता गाउँपालिका थिर्पुका रमेशकुमार बमले भने, 'गाउँमा बैंक छैन भन्छन् कहिले बैंक आउने हो त्यो पनि अत्तोपत्तो छैन् ।' विकास निर्माणदेखि स्थानीय सरकारबाट सर्वसाधारणले पाउनुपर्ने सेवासुविधा सहज रुपमा पाउन सकेका छैनन् । जिल्लास्तरका अधिकांश विषयगत कार्यालय स्थानीयतहमा स्थापना हुन नसक्दा सेवाग्राही समस्यामा परेका छन् । स्थानीय तह झोले कार्यालयमै सिमति हुँदा स्थानीयलाई निकै समस्या आइलागेको छ । स्थानीय तहका अधिकांस कार्यालय भाडाका घरमा बसेका छन् । गाउँको र सदरमुकाम गरी दोहोरो माडामा स्थानीय तह रहेका छन् । जिल्लाको नरहरिनाथ गाउँपालिकाले कुमालगाउँमा कार्यालयल भए पनि सदरमुकाममा सम्पर्क कार्यालय भनेर राखिएको छ । यस्तै सबै स्थानीय तहले सदरमुकाममा महंका घरमा भाडा लिएर कामकाज गरिरहेका छन् । कतिपयले वडा कार्यालय पनि सदरमुकाममै राखेर कारोबार गरिरहेका छन् । अधिकांस गाउँपालिका निजि घरमा भाडा तिरेर बसेका छन् । नगरपालिका र गाउँपालिकाको आफ्नै भवन छैनन् । गाउँपालिकाको भवन नहुँदा भाडाको घरमा बस्नुपर्ने बाध्यता भएको पचालझरना गाउँपालिका अध्यक्ष खड्गराज सेजुवालले बताए । निमित्त प्रशासकीय अधिकृत छक्कबहादुर शाहीले भने, 'भाडाँकै घर पनि बल्लतल्ल भेटियो । गाउँमा बैंक नभएका कारण सदरमुकाममा आर्थिक कारोबार गर्नु पर्छ ।' जिल्लाको सदरमुकामा रहेको खाँडाचक्र नगरपालिकाको कार्यालय पनि भाडामा समिति छ । सदरमुकाममा रहेको नगरपालिकाको हालत हेर्दा अन्य कार्यालय झनै समस्यामा रहेका छन् ।



जारकोटमा रहेको पचाल झरना गाउँपालिकाको कार्यालय

**बाँकी ३ पृष्ठमा.....**

# 'कर्णालीको माटोमा हिरा छ, कालिगड चाहियो'

**मिसन न्यूज**

**कालिकोट** - कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री नरेश भण्डारीले कर्णाली प्रदेश पर्यटन समृद्धिको प्रदेश हुने बताए । विकासका पूर्वाधार मध्येकै पर्यटनले प्रदेशकै मुहार फर्ने मन्त्री भण्डारीले बताए । रारा कर्णाली पर्यटन वर्ष २०७५ का लागि अन्तरक्रिया कार्यक्रममा सम्बोधन गर्दै मन्त्री भण्डारीले भने, 'कर्णालीको माटोमा हिरा छ । तर, कालिगढको चाहियो । तिला र कर्णाली नदी सेतो सुन हो । राराजस्ता ताल हाम्रा हिरा हुन् ।' प्रदेश कानुन मन्त्री भण्डारीले कर्णाली प्रदेश लाई पर्यटन हवका रुपमा परिचित गर्न पर्यटन मैत्री नीति र पर्यटनमैत्री संरचना निर्माण गर्न जरुरी भएको बताए । कर्णालीलाई रोग, भोग र गरिबिको परिचय नदिइ अव समृद्धिको सम्भावनालाई उजागार गर्न आवश्यक रहेको बताए । मन्त्री भण्डारीले भने, 'प्राकृतिक सम्पदाले भरिएको कर्णालीमा पर्यटन विकासको ठूलो सम्भावना रहेको छ । कर्णालीलाई संसारसामु चिनाउन कर्णालीवासीले एकजुट हुन जरुरी छ ।' पर्यटनलाई थप प्रभाकारी बनाउन समृद्धिमैत्री कानुनको आवश्यक भएको मन्त्री भण्डारीले



**बाँकी ८ पृष्ठमा..**

## रास्कोटलाई डिजिटल नगरपालिका बनाउने प्रतिबद्धता



**मिसन न्यूज**

**कालिकोट** - जिल्लाको रास्कोट नगरपालिकाका मेयर कासिचन्द्र बरालले अबको दुई बर्ष भित्र रास्कोट नगरपालिकालाई डिजिटल नगरपालिका बनाउने प्रतिबद्धता जनाउनुभएको छ । झण्डै दुई दशक पछि गत वैशाख ३१ गते सम्पन्न स्थानिय तहको निर्बाचनमा रास्कोट नगरपालिकाको मेयरमा बिजयी बरालले रास्कोट नगरपालिकामा भएको श्रोत र साधनको उच्चतम रुपमा प्रयोग गरी एकद्धार सूचना प्रर्णाली, प्रत्यक वडा तथा टोलटोलहरुमा डिजिटल बोर्ड, एमवाईएस सिस्टममा सबै तथ्यांकहरु व्यवस्थीत बनाउने, हरेक कामहरु डिजिटल प्रर्णालीद्धारा गर्ने, पुरै नगरपालिकामा ईन्टरनेट सेवाईलाई ईन्टूारनेट प्रविधिमा बदलि रास्कोट नगरपालिकालाई डिजिटल नगरपालिका बनाउने प्रतिबद्धता जनाउनु भएको हो ।

मेयर बरालले नगरपालिकाले एक्साभेटर खरीद गरेर एक बर्षभित्र प्रत्यक वडामा सडक बिस्तार र ४ सय २६ मेगावाटको फुकोट कर्णाली जलबिद्युत आयोजनालाई अगाडी बढाएर २ बर्ष भित्र लोडसेडिङ मुक्त नगरपालिका, सुशासनयुक्त नगरपालिका, धुवाँ मुक्त नगरपालिका बनाउने प्रतिबद्धता जनाउनुभएको छ । उहाँले भन्नुभयो, आफुले समृद्ध रास्कोट नगरपालिका बनाउनका लागि सडक, बिद्युतलाई र कृषि क्षेत्रलाई पहिलो प्राथमिक्ता दिनेछु । सुरुवातमा नगरप्रोफाईल निर्माण गर्ने, एकिकृत गुरु योजना निर्माण गर्ने, नगरपालिका भित्रका प्रत्यक बिद्यालयहरुमा अंग्रेजी र कम्प्युटर शिक्षालाई अनिबार्य बनाउने योजना छ ।

## सम्पादकीय

### सुस्त गतिमा स्थानीय सरकार

स्थानीय निर्वाचन सम्पन्न भएको एक वर्ष वित्नै थाल्यो । तर, स्थानीयवासीले स्थानीय सरकार पाएको सामान्य महशुस भएको छ । विकासको गति हेर्दा कछुवा गतिमा छ । स्थानीय तहले जनचाहाना अनुसार काम गर्न जरुरी छ । कालिकोटमा ९ वटा स्थानीय तह छन् । ३ वटा नगर पालिका र ६ वटा गाउँपालिका रहेका छन् । प्रायः जसो स्थानीय तहमा जनशक्तिको प्रयोग नगरेर डोजर मात्र प्रयोग भएको छ । कर्णाली रोजगार लगायतका विकासे कार्यक्रमको दरुपयोग भएको छ । नयाँ स्थानीय तहमा नयाँ शैलीमा काम भएको छैन् । पुरानै शैलीमा स्थानीय सरकार व्यस्त छ । स्थानीय तहले निर्देशिका बमोजिम काम नगर्दा समस्या उत्पन्न भएको छ । कतिपय गाउँपालिका र नगरपालिकामा लक्षित वर्गको बजेट पनि विनियोजन गरिएको छैन् । नागरिकलाई उचित अधिकार र विकास दिन जनप्रतिनिधिहरुले जिम्मेवार हुन आवश्यक छ । गाउँमा सिँहदरबार आयो भन्ने हल्लामा मात्र समित राख्नुभन्दा पनि व्यवहारमा देखाउनु पर्दछ । स्थानीय तहका प्रमुखले सरोकारवाला निकायमा समन्वय गरेर विकासको गतिलाई तिव्रगतिमा अगाडि बढाउँनु पर्छ । जनप्रतिनिधि चुनिएको एक वर्षको अन्तर मा विकासको गति प्रभावकारी भएको छैन् । विकासको पहिलो आधार नै सडक भएकाले पहिलो प्राथमिकता दिनुपर्ने हुन्छ । हाल अधिकांस स्थानीय तहमा डोजर चलाएर सडक निर्माण भएता पनि जनशक्तिको प्रयोग गरेर सडक निर्माण गर्दा स्थानीयलाई रोजगारको समेत सृजना हुन्छ ।

# कर्णाली, गैसस र हामी

हंशराज जोशी

नागरिकले विकासको अन्तिम अस्त्रका रूपमा संघीयता र प्रदेश सरकारलाई बुझिरहेका छन् । सातवटै प्रदेशमा प्रादेशिक सरकार गठन भएको करिब एक महिनासम्म सञ्चालन भएका बैठकहरू औपचारिकतामा बढी सीमित भए । ती बैठकहरू अलि औपचारिक हुन थालेपछि प्रायः सबैको ध्यान तान्ने किसिमका केही विषयलाई विभिन्न प्रदेश सरकारहरूले छलफलमा ल्याए । तीमध्ये केही विषयहरू साताभरि नै सामाजिक सञ्जाल र विभिन्न छलफलहरूमा छाइरहे ।

कर्णाली प्रदेश सरकारले छलफलमा ल्याएको 'एनजिओ आउट' भन्ने विषय यसैमध्येको एक हो । यो भनाइ प्रदेश सरकारको हो कि हैन भन्ने कुरा यकिन हुन बाँकी छ तर प्रदेश सरकार प्रमुखले यसो भन्नुमा नागरिक समाज र राज्यका बीचमा केही दरारहरू छन् भन्ने कुरा प्रस्ट बुझिन्छ । राज्य संयन्त्रका तीनवटै अंगहरू राज्य, बजार (निजी क्षेत्र) र नागरिक समाजका एकअर्काको भूमिकामा सहयोग गर्ने र एक अर्काले गर्ने गडबडीविरुद्ध खबरदारी गर्ने मुख्य भूमिका हुन्छन् । तरहाम्रो राज्य संयन्त्रको चरित्र नै कुनै न कुनै समयमा यी तीन वटामध्ये कुनै एउटा मात्र बलियो हुने किसिमको छ । तीनवटै अंगहरूले स्वतःस्फूर्त र स्वच्छ ढंगले चलायमान हुन पाउने अवस्था आएको छैन। सामान्य हिसाबले कुरा गर्दा राज्यको तुलनामाविगत केही दशकदेखि निजी क्षेत्र र नागरिक समाज बलियो रहँदै आएको छ । राज्यले बजार प्रवर्द्धन, नियमन तथा नियन्त्रणका लागि बनाएका नीति नियमहरू लागु गर्न नसक्नु र राज्य संयन्त्रमा निजी क्षेत्रको प्रभाव रहनु बजार बलियो भएको प्रमाण हो । यसैगरी नागरिक समाज र गैरसरकारी संस्थाहरूको पनि राजनीतिक प्रभाव राज्य तथा सरकारमा रहँदै आएको छ । सरकारले निर्माण गरेको एकद्वार प्रणाली नमानेर आफ्नै तौरतरिका अपनाउँदै आएका पनि धेरै गैसस छन् । यसै गरी राजाको शासनकाल हुँदै गैरनाफामूलक गैससहरूलाई 'कर्पोरेट' अवधारणाको भ्याट सिस्टम अपनाउन राज्यले बाध्य पार्दै आएको छ । यसरी भन्न खोजेको के हो भने तीनवटै अंगले आफूलाई सजिलो पर्दा अर्को अंगमाथि अंकुश लगाउने र अवज्ञा गर्ने काम भएका छन् । यसको परिणामस्वरूप बेला बेलामा एक अर्कालाई दोषारोपण गर्ने र एकअर्काप्रतिको स्वीकार्यता कम हुने स्थिति देखिँदै आएको हो । राज्यले गैससहरूलाई एउटा निश्चित कानुनको अधीनमा रही दर्ता गरेपछि राज्यसँग संवर्द्धन र नियमन गर्ने दायित्व हुन्छ । राज्य गैससहरूमाथि नियमनकारी हुँदै आएको कुराका निकै धेरै उदाहरण छन्तर गैससको वृद्धि विकास र गैससका लागि उचित कार्य वातावरण बनाउने सवालमा राज्य मौन छ । छिमेकी देश भारतमा गैससहरू जति बलिया भएका छन् त्यसको एउटा प्रमुख कारण गैससहरूको वृद्धि विकासमा राज्यको लगानी तथा राज्यले ती गैससहरूको क्षमता र विज्ञताका आधारमा गरेको स्रोत साझेदारी नै हो । त्यसैगरी युरोपका राष्ट्रिय संस्थाहरूले त्यहाँको सरकारले सामाजिक विकासका लागि छुट्याउने बजेट प्रतिस्पर्धाका आधारमा प्राप्त गर्छन् । ती संस्थाहरू सरकारको बजेट तथा नीति निर्माण प्रक्रियालाई जनमुखी तथा सामाजिक उत्तरदायी बनाउने हैसियत पनि राख्ने गर्छन् । हामीकहाँविभिन्न परियोजनाका नाममा राज्यले स्रोत साझेदारी गर्न खोजे जस्तो देखिन्छ तर ती परियोजनामा साझेदारी गर्दा राज्यले गैससले प्रदान गर्ने सेवालाई नाफामूलक कार्यका रूपमा लिने गरेको र गैससलाई भ्याटको दायरामा ल्याउनुले सहजीकरण भन्दा पनि नियमन गर्न खोजेको देखिन्छ। एकातिर कर छुट प्रमाणपत्र उपलब्ध गराउने र अर्कोतिर भ्याट तिर्न लाउने पद्धतिविरोधाभाषपूर्ण छ । यसरी राष्ट्रिय संस्थाहरूको राज्यको स्रोत साधनमा पहँच नहुँदा स्वाभाविक रूपले अरू दातृनिकाय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग साझेदारी गर्नुपर्ने बाध्यता छ । यो बाध्यताले नेपाली नागरिक समाजका संस्थाहरूको उत्तरदायित्व पनि स्वाभाविक रूपले तिनै स्रोत साझेदारहरूसँग रहन गएको छ । गैससहरूलाई विभिन्न समयमा आरोप लाग्ने गरेका छन् । राज्य र अरू आम मानिसको धारणा नकारात्मक हुन पुगेको छ । गैससहरूको विधानको प्रस्तावनामा स्वयंसेवाको भावनाले स्थापित भएको भन्ने कुरा जसरी उल्लेख गरिएको छ, वास्तविकतामा सेवाभाव भन्दा रोजगारमुखी हुन गएका कारण धेरै आरोप लाग्ने गरेको पाइन्छ । यसो हुनुमा गैसस मात्रै दोषी छैनन् । पढेलेखेका युवाहरू कि त वैदेशिक रोजगार रोज्नुपर्ने वा यो देशमा चलेको राजनीतिक तथा आर्थिक संक्रमणका कारण सामाजिक क्षेत्रमा रोजगारका अवसर देखिएका हुनाले गैससलाई त्यसको माध्यम बनाउन पुगेका हुन् । यसरी यो क्षेत्र हाम्रा हकमा सेवाभावबाट रोजगारमा परिणत हुन गयो र यहीविचलनलाई आधार मानेर सधैँ आरोपको सामना गर्नुपरेको छ । कर्णाली प्रदेशमा 'एनजिओ आउट' भनी चलेको बहसका धेरै कारण हुनसक्छन् । नागरिक समाजले सिद्धान्ततः निर्वाह गर्नुपर्ने भूमिका नागरिकका चासोका सवालहरूमा उनीहरूका पक्षमा बोलिदिनु हो ।

मिसन न्यूज
राष्ट्रिय साप्ताहिक
MISSION News National Weekly

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
सम्पादकःपवित्र शाही
प्रवन्ध सम्पादकःनिर्मला शाही
सह–सम्पादकःपंखबहादुर मल्ल
कम्प्युटर अप्रेटरःलिलाराज संज्याल
बजार ब्यवस्थापकःविक्रम शाही
कार्यालयः खाडाचक्र नपा–१ कालिकोट
इमेलः missionnewsp@gmail.com
फोन नं. ०८७–४४०२४२,९८४८०४९४५५

मुद्रणः ईश्वर अफसेट प्रेस मान्म–५ कालिकोट

www.missionenews.com

क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु । २. साझँ पख सधै ज्वरो आउनु । ३. खाना खान मन नलाग्नु । ४. तौल(वजन) घट्नु । ५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्यसंस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

जिल्ला स्वास्थ्य कार्यालय
कालीकोट

## झोलामै सिमित........

स्थानीय तहका प्रमुख उपप्रमुखलगायत कर्मचारीको लागि ठाउँ नहुँदा विषयगत कार्यालय झोलामै सिमित हुने गरेका छन् । जिल्लाकै पुरानो खाँडाचक्र नगरपालिकामा समेत सबै विषयगत कार्यालय स्थापित भएका छैनन । झोलामै कार्यालय बोक्नु परेको नगर प्रमुख जसीप्रसाद पाण्डेले सुनाए । कतिपय स्थानीय तहमा विषयगत कार्यालयका कर्मचारी जान सकेका छैनन् भने गएका ठाउँमा बस्ने ठाउँ नहुँदा हाजिर मात्रै लगाउने काम हुने गरेको कर्मचारी बताउँछन् । भौगोलिक कठिनाई, गाउँमा बैंक तथा वित्तिय संस्था नहुनुले पनि स्थानीय तह सदरमुका केन्द्रित भएको जिल्ला समन्वय समितिका सदस्य नेत्रराज शाहीले बताए । गाउँमा सिंहदरबार भनिएपनि अहिलेसम्म गाउँपालिका प्रमुखले राम्रो सेवा नदिएको नरहरिनाथका सुमन बिष्टले बताए । जिल्ला सदरमुकाममै कागजी कार्य र कर्मचारी व्यवस्थापनमा अलमल रहेका कारण ३ नगर र ६ गाउँपालिकालेनयाँ काम अघि बढाउन सकेका छैनन् । आर्थिक वर्ष सुरु भएको एक बर्ष बित्नै लाग्दा समेत जिल्लाका स्थानीयतहले आवश्यक लक्ष्य अनुसार बजेट खर्च गर्न सकेका छैनन् ।

ग्रामीण भेगमा सडक सञ्जाल जोड्ने कार्यमा अघि देखिएका नगर र गाउँपालिकाले नयाँ विकासे खाका समेत कोर्न सकेका छैनन् । 'सिंहदरबार गाउँमै आउँछ भनिएको थियो, होइन रहेछ, अझैसम्म सदरमुकामै धाउनुपर्छ,' पचालझरना-१ का नन्द विकले भने, 'कार्यालय सबै सदरमुकाममै भएपछि स्थानीय सरकार हुनुको के अर्थ रहयो र ?' आवश्यकता अनुसार सेवाप्रदान गर्न नसकिएको सान्नी त्रिवेणी गाउँपालिका प्रमुख डम्बरबहदुर शाहीले बताए । 'अधिकार दिइएको भनिएको छ तर, सबै काम सदरमुकामबाटै हुने गरेको छ,' उनले यो वर्ष नीति बनाउँदै जान्छ, स्थानीय तहमा बैंक नहुँदा योजनाको र कर्मचारीको तलव निकासा गर्न सदरमुकाम जान बाध्य छौं ।' जिल्लास्थित विषयगत कार्यालय स्थानीयतहमाजान सकेका छैनन । महिला बालबालिका, कृषि, पशु, शिक्षा र स्वास्थ्यका कार्यालय स्थापना नहुँदा सामान्य कामका लागि पनि सदरमुकाम धाउनुपर्दा स्थानीयमर्कामा छन् । विषयगत कार्यालयका कर्मचारी नजादा स्थानीयतहलाई योजना बनाउन समेत समस्या हुने गरेको छ । शिक्षा, स्वास्थ्य, पशु लगायत विषयगत कार्यालयका कर्मचारी स्थानीयतहमा गएकै छैनन । यसअघि साविकका गाविसमा रहेका सेवा केन्द्र, स्वास्थ्यचौकी प्रमुखलाई विषयगत कार्यालयको जिम्मा दिइएको छ ।

**वित्तिय संस्थालाई नेपाल राष्ट्र बैंकको निर्देशन**

स्थानीय तहको निर्वाचन भएको लगतै नेपाल राष्ट्र बैंकले स्थानीय तहमा बैंक संचालन गर्न निर्देशन दिएको थियो । जिल्लामा राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, सानिमा बैंक, ग्लोबल आइएमी बैंक, एनआइसी यसिया बैंक, कृषि विकास बैंक लिमिटेड रहेका छन् । राष्ट्रिय बाणिज्य बैंक बाहेकका अन्य बैंकलाई स्थानीय तहमा कारोबार गर्न निर्देशन भए पनि कार्यान्वयनमा चुनौती देखिएको बैंकले बताएका छन् । रास्कोट नगरापालिकामा ग्लोबल आइएमी बैंकले शाखा सार्न कार्यालय व्यवस्थापन गरिरहेका छ । त्यस्तै सान्नी त्रिवेणी गाउँपालिकामा पनि सानिमा बैंकले कार्यालय व्यवस्थापन गरिरहेको छ । जिल्लाका विकट गाउँपालिकाकै केन्द्रमा पुग्न दुई दिनलाग्ने गरेको छ । भौगोलिक विकटतासंगै गाउँमा बैंकको सास्तीले गाउँमा सरकार आएको अनुभूतिहुन सकेको छैन् । राज्य संघिय संरचनामा गएपछी स्थानिय तहमा पहिलो अभ्यास भएकोले केही ढिलाई हुन लागेको जिल्ला समन्य समितिका प्रमुख अनिपाल शाहीले बताए । संघिय संरचनाको लागी तिनवटै निर्वाचन भर्खरै सम्पन्न भएकाले भौतिक संरचना, जनशक्तिको पनि अभाव देखिएकाले सेवाग्राहीले सबै सेवा सुविधा पाउन समस्या रहेको छ ।

# यी हुन चैत २८ गतेबाट खारेज हुने सरकारी कार्यालयहरु (सूचीसहित)

**मिसन न्युज**

**कालिकोट**-सरकारले चैत २८ गतेबाट एक दर्जन सरकारी कार्यालय खारेज गर्ने भएको छ । स्थानीय निकायको चुनाव भई स्थानीय सरकार आइसकेको अबस्थामा सरकारले हरेक जिल्लामा रहेका अधिकांश सरकारी कार्यालयहरु खारेज गर्न लागेको हो । तत्काल १० वटा सरकारी कार्यालय, बिभिन्न विकास समिति र परियोजनाहरु खारेज हुने भएका छन् । संविधानमा अहिले रहेका जिल्लास्तरीय कार्यालयले गर्ने काम स्थानीय तहको क्षेत्राधिकारभित्र परेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०४ अनुसार ऐन लागू भएको ६ महिनाभित्र जिल्लास्थित कार्यालयलहरूले आफ्नो सम्पत्ति, दायित्व र बजेट स्थानीय तहलाई हस्तान्तरण गर्ने र जिल्ला कार्यालय खारेज हुने व्यवस्था छ । सरकारले 'स्थानीय सरकार सञ्चालन ऐन २०७४' जारी गरेको २८ चैतमा ६ महिना पूरा हुँदैछ । मुख्यसचिव संयोजकत्वको उच्चस्तरीय समितिले खारेज हुने कार्यालयका कर्मचारी, सम्पत्ति र बजेट स्थानीय तहलाई हस्तान्तरण गर्न निर्देशन दिइसकेको छ । अहिले ती कार्यालयले सम्पत्ति, कर्मचारीलगायत विवरण संकलन गर्ने काम गरिरहेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । विवरण संकलन गरेलगत्तै स्थानीय तहको अधिकार क्षेत्रका विषय हस्तान्तरण हुने स्थानीय विकास मन्त्रालयका सचिव दिनेश थपलियाले जानकारी दिए । खारेजीमा पर्न लागेका सरकारी कार्यालयहरुको काम अब स्थानीय गाउँपालिका, नगरपालिका र महानगरले गर्नेछ ।

**यी हुन खारेज हुने सरकारी कार्यालयहरु**

- जिल्ला प्राविधिक कार्यालय
- जिल्ला कृषि विकास कार्यालय
- जिल्ला पशुसेवा कार्यालय
- जिल्ला घरेलु तथा साना उद्योग कार्यालयरविकास समिति
- जिल्ला भू-संरक्षण कार्यालय
- जिल्ला शिक्षा कार्यालय
- जिल्ला तथ्यांक कार्यालय
- जिल्ला पर्यटन कार्यालय
- जिल्ला भूमिसुधार कार्यालय
- जिल्ला महिला तथा बालबालिका कार्यालय
- जिल्लाका सबै विकास समितिहरू
- जिल्लाका सबै प्रतिष्ठान र परियोजना


## सम्पुर्णमा हाम्रो अनुरोध

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वर परको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

**जिल्ला समन्वय समिति**
**कालिकोट**

## कालिकोटवासी सम्पुर्णमा हाम्रो अनुरोध

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

**खानेपानी सरसफाइ तथा सव–डिभिजन**
**कार्यालय कालीकोट**

## मनोरञ्जन

# आकाश र आचलको केमेष्ट्री कति सुहायो ?




नेपाली चलचित्रका गीतसंगीत अहिले उत्कृष्ट बन्न थालेका छन् । अझ, गीतको भिडियो मेकिडमा निर्माणपक्षले ध्यान दिन थालेपछि गुणस्तर पनि सुध्रिएको छ । आइतबार सार्वजनिक भएको चलचित्र 'ब्ल्याक'मा समावेश 'पल पल हरपल' बोलको गीतको भिडियो हेर्दा यस्तै महशुश गर्न सकिन्छ । सुगम पोखरेलको स्वर, डाक्टर कविराज बान्तवाको शब्द, महेश खड्काको संगीत रहेको गीतको भिडियोको कोरियोग्राफी आकर्षक छ । कोरियोग्राफर रामजी लामिछाने र छायांकार रामशरण उप्रेतीले गज्जबको काम गरेका छन् । दृश्य मनमोहक छ । सोही दृश्य अनुसार कोरियोग्राफर खेलेका छन् भने छायांकारले दृश्य खिचेका छन् । तर, यो गीतको अडियो दर्शकले सुन्ने वित्तिकै याद गर्ने खालको छैन । गीतको अडियो भिडियोको तुलानामा कमजोर छ । यो भन्दा उत्कृष्ट गीत भएको भए भिडियोको स्तर अनुसार सुहाउने थियो । प्रदिप श्रेष्ठले निर्देशन गरेको यो चलचित्रमा आकाश श्रेष्ठ, आँचल शर्मा, सुन्दर श्रेष्ठ, आयुष रिजाल, सुशिल क्षेत्री, धिरेन शाक्य, प्रिया रिजालको अभिनय छ । गीतको भिडियोमा चलचित्रका मुख्य कलाकार आकाश र आँचललाई फिचरिड गरि एको छ । चलचित्रमा आश्मा पाण्डेको लगानी छ भने चेतनकुमार पाण्डे यसका कार्यकारी निर्माता हुन् । मौनता श्रेष्ठले लेखेको यो चलचित्रमा चन्द्र पन्तको एक्सन छ । चलचित्र जेठ ११ गतेबाट रिलिज हुँदैछ ।

लोग सेवा आयोगको अग्रगामी सोच आधुनिक परीक्षण प्रविधिको प्रयोगबाट योग्यतम ब्यक्तिको छनोट
नेपाल सरकार सुचना तथा सञ्चार मन्त्रालय
सुचना विभाग

व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृषि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कर्षि उत्पादन एवं उत्पादकत्व बढाई जिल्लामा स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।
नेपाल सरकार कृषि विकास मन्त्रालय
जिल्ला कृषि विकास कार्यालय,
कालिकोट

## स्वास्थ्य

# मुखको क्यान्सरबाट कसरी बच्ने ?



शरीरको कोषको असामान्य वा असीमित गतिमा वृद्धि वा विकास भएमा त्यसलाई क्यान्सर भनिन्छ । अहिलेको समयमा क्यान्सरलाई एक खतरनाक रोगका रूपमा लिने गरिएको छ । शरीरको बिभिन्न भागको क्यान्सरबारे जनमानसमा चेतना भए पनि मुखको क्यान्सरबारे धेरैलाई जानकारी नभएकाले धेरै मानिस ढिलो स्टेजमा मात्र उपचार का लागि आउने गरेको पाइएको छ । एक अध्ययन अनुसार नेपालमा पुरुषहरूमा हुने क्यान्सरमध्ये मुखको क्यान्सर दुई नम्बरमा पर्छ, जसमा पहिलोचाहिँ फोक्सोको क्यान्सर रहेको छ । यसको मुख्य कारण सुर्तीजन्य पदार्थलाई मानिन्छ । धूमपान, मद्यपान, पान, सुपारी र गुट्खाको अत्यधिक प्रयोगले मुखको क्यान्सर निम्त्याउन सक्छ । भाइरसको जटिल संक्रमणका कारण पनि यो रोग हुने गरेको छ । जस्तै- ह्युमन प्यापिलोमा भाइरस । विभिन्न प्रकारका पोषण तत्त्वको कमीले पनि यो रोगलाई मौलाउने वातावरण प्रदान गर्छ । बाङ्गोटिङ्गो वा तिखो दाँतले गर्दा मुखभित्र नियमित रूपमा घर्षण भई निको नहुने घाउ बनाएमा पनि क्यान्सर हुनसक्ने सम्भावना निम्त्याउन सक्छ । त्यसैगरी सूर्यबाट आउने विभिन्न विकिरणका कारणले पनि ओँठको क्यान्सर हुने गरेको पाइएको छ । मुखको कुनै भागमा विभिन्न प्रकारका रातो, सेतो वा मिश्रित दाग देखिएमा (जसलाई पोटेनसिअल्ली मलिगनान्ट लिसन्स पनि भनिन्छ), कुनै प्रकारको अल्सर वा घाउ तीन हप्ताभन्दा बढी समयसम्म निको नभएमा, मुखको कुनै भागमा मासु पलाएमा जसको आकार बिस्तारै बढ्दै गएमा, दाँतहरू विना कारण हल्लिँदै गएमा, दाँत निकालेको ठाउँमा एक्कासी मासु पलाएमा र घाँटीमा गिर्खा देखिएमा मुखको क्यान्सरका लक्षणहरू हुन सक्छन् । मुखमा देखिएको घाउ क्यान्सर नै हो कि होइन भनेर किटानीसाथ भन्नका लागिचाहिँ बायोप्सी आर्थत मासु जाँच गर्नुपर्छ । नियमित रूपमा आफैले आफ्नो मुखको परीक्षण गर्ने हो भने यस रोगलाई सुरुकै स्टेजमा पत्ता लगाउन सकिन्छ । यसका लागि मुखलाई ८ भागमा विभाजित गरिएको छ । अगाडिको भागको गिँजा, पछाडिको भागको गिँजा, माथिको ओँठको भित्री भाग, तलको ओँठको भित्री भाग, गालाको भित्री भाग, जिब्रोको माथि, तल र छेउछाउको भाग र तालु । जाँच पूरा गर्नका लागि चम्किलो बत्ती लिएर ऐनाको अगाडि उभिएर माथि उल्लेखित सबै भागमा राम्रोसँग जाँच गर्नुपर्छ ।

प्रकोप र महामारी सम्बन्धमा
नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।
जिल्ला स्वास्थ्य कार्यालय
कालीकोट

# स्वास्थ्य बिमा कार्यक्रममा कम्पनीबाट ठगिए सर्वसाधारण

**रमेश रावल**

**कालिकोट** - नेपाल सरकारले जुम्लामा लागू गरेको स्वास्थ्य बिमा कार्यक्रमबाट बिमित सर्वसाधारणहरूले आफूहरू ठगिएको गुनासो गरेका छन् । नेपाल बिमा कम्पनीहरूबाट सरकारअन्तर्गत गरिएको स्वास्थ्य बिमा कार्यक्रममा ठगिएको गुनासो गरेका हुन् । सरकारले स्वास्थ्य बिमा गरेवापत बिमित व्यक्तिलाई दिने स्वास्थ्य सुविधा नदिएको भन्दै जुम्लाका स्वास्थ्य बिमितले बताएका छन् ।

कुनै समयमा केही स्वास्थ्यसम्बन्धी समस्या परी आउला भनेर स्वास्थ्य बिमा गरेको, स्वास्थ्य बिमाले गरिवलाई राहत दिन्छ होला सोचेको र स्वास्थ्यमा केही समस्या आएपछि उपचारको लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालमा जुम्लामा उपचार गराउँदा स्वास्थ्य बिमा कम्पनीले दिने भनेका



स्वास्थ्य सेवा उपचारबाट ठगिएको गुनासो गर्दै स्थानीय महिला ।

स्वास्थ्य सुविधा नदिएको नेपाल सरकारको स्वास्थ्य बिमाअन्तर्गत कम्पनीले ठगेको जुम्ला पातारासी गाउँपालिका ७ की चैती बुढाले बताइन् । 'गाउँ घरमा स्वंयसेवकले स्वास्थ्य बिमा गराएमा धेरैसुविधा पाइने भने पनि आखिर बिमितलाई औषधि किन्न समेत बाहिर पठाउने गरेको छ ।' उनले भनिन्, 'बिरामी हुँदा उपचार खर्चमा सहज होला भनेर स्वास्थ्य बिमा गरेकी थिएँ । तर स्वास्थ्य बिमाले सस्तो औषधि मात्र दिन्छ, महँगो औषधि भने प्राइभेट मेडिकलबाट नै किन्नु परेको छ ।' नेपाल सरकारको नीतिअनुसार ३ हजारको बिमा गरेवापत बिमितले ६० हजारसम्मको औषधि उपचार निःशुल्क पाउने व्यवस्था गरेको छ । तर, उपचार गराउँदा सरकारी स्वास्थ्य चौकीबाट निःशुल्क पाइने सिटामोलवाहेक अरू केही सुविधा नदिएको गुनासो जुम्ला पातारासी गाउँपालिका ७ कै होइजा सुनारले सुनाइन् । 'स्वास्थ्य बिमाले गरिवको स्वास्थ्य उपचारमा पहुँच पुग्ने आशा गरेका थियौं ।' उनले भनिन् 'तर, उपचार गराउँन जाँदा सरकारले निःशुल्क दिने सिटामोल बाहेक अरू कुनै सुविधा पाएका छैनौं ।' सरकारले ६ हजार रुपैयाँको बिमा गरेवापत १ लाख २० हजारसम्मको उपचार खर्च स्वास्थ्य बिमाले तिर्ने व्यवस्था छ भन्दै कम्पनीका सयंसेवकले घरका सबै परिवारको स्वास्थ्य बिमा गराएको थिए । तर उपचार गर्न जाँदा सिटामोल दिने वाहेक अरू कुनै औषधि नदिएको र उपचार खर्चसमेत बिमा कम्पनीले नदिने गरेको जुम्ला चन्दननाथ ५ की जमुना सुनारले बताइन ।


**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔँ ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔँ ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ ।

नेपाल सरकार
पशुपंक्षी विकास मन्त्रालय
जिल्ला पशु सेवा कार्यालय
कालिकोट

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

(सव–डिभिजन प्रमुख) एवं
खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालिकोट

सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔँ,गरिबी न्यूनिकरण गरौँ ।

सिंचाइ विकास सव डिभिजन कार्यालय कालिकोट

उच्च ज्वरो आउने, खोकी लाग्ने, घाटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै अस्पतालमा आई स्वास्थ्य परिक्षण गराउनुहोस् ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
जिल्ला स्वास्थ्य कार्यालय कालिकोट

# अन्तराष्ट्रिय न्यूज

## ताज महल ३ घण्टा मात्रै घुम्न पाइने



**नयाँ दिल्ली -** भारतको सबैभन्दा बढी पर्यटकको भ्रमण हुने क्षेत्र ताज महलमा ३ घन्टे प्रवेशाज्ञाको तयारी गरिएको छ। युनेस्को बिश्व सम्पदामा सूचीकृत यो सम्पदा विश्वका सात मानव निर्मित आश्चर्य अन्तर्गत पर्दछ । दैनिक ५० हजार पर्यटकले भ्रमण गर्ने यो सम्पदामा बढ्दो चापलाई ध्यान दिदै एक पर्यटकलाई ३ घण्टा मात्रै भ्रमण अनुमतिको तयारी गरिएको हो । हाल एकपटक प्रवेश गरेपछि दिनभर भ्रमण गर्न पाइन्छ। दैनिक रुपमा पर्यटकहरुको चाप बढिरहँदा ताजमहल क्षेत्रमा दुर्घटना बढ्न सक्ने भन्दै यसो गर्न लागिएको पुरातत्वबिद् एवं ताजमहलका प्रबक्ता डिएन दिम्रीले बताएका छन् । यद्यपी ताज महल क्षेत्रमा यतिञ्जेल मानव चापका कारण कुनै अप्रिय घटना भने घटेको छैन । १७औ शताब्दीमा मुगल सम्राट सार जाहले आफ्नी तेस्रो श्रीमती मुम्ताज महलको यादमा बनाएको यो सम्पदा सन १६४८ मा निर्माण सम्पन्न भएको हो । यहि अप्रिल १ गते बाट लागु हुने यो ब्यबस्थाले टाढाबाट आउने पर्यटकलाई भने असर नगर्ने पनि प्रबक्ता दिम्रीले स्पस्ट पारेका छन् । उनका अनुसार टाढाबाट आउने पर्यटकलाई भने नियमले असर गर्ने छैन, प्रवेशमा तीन घण्टा समय तोकिएपनि एकपटकमा कति पर्यटकलाई प्रवेश दिने भनेर कुनै संख्या तकोएको छैन् ।

**हेर्नुहोस मिसन न्युज, हुनुपर्दैन कन्फ्यूज**
**नरहनुहोस बेखवर गाउँदेखि सहर ।**

MISSION

**मिसन न्यूज**
**राष्ट्रिय साप्ताहिक**

www.missionenews.com

## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।
२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।
३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**जिल्ला वन कार्यालय**
**कालीकोट**
फोन नं. ०८७-४४०००२

## महत्वपूर्ण टेलिफोनहरु

| | |
|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ |
| जिल्ला बिकास समिति | ४४००२१/४४०११४ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ |
| जिल्ला कारागार शाखा | ४४००१७ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० |
| जिल्ला पशु सेवा कार्यालय | ४४००२३ |
| जिल्ला शिक्षा कार्यालय | ४४०११६ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ |
| जिल्ला कृषि विकास कार्यालय | ४४०११८/४४०२०९ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ |
| जिल्ला प्राबिधिक कार्यालय | ४४०१५३ |
| कालीकोट, जुम्ला, हुम्ला सडक योजना | ४४०१७६ |
| स्थानीय शान्ति समितिको कार्यालय | ४४०१८१ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ |
| नेपाल खाद्य संस्थान | ४४०००८ |
| महिला तथा बालबालिका कार्यालय | ४४००८४ |
| खानेपानी स.तथा सव–डिभिजन | ४४०००३ |
| कृषि विकास बैंक कालिकोट | ४४००५९ |
| राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ |
| जिल्ला वन कार्यालय | ४४०००२ |
| घरेलु तथा साना उद्योग संघ | ४४००१० |
| जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| नापी कार्यालय | ४४००१८ |
| मालपोत कार्यालय | ४४००१९ |
| जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| मष्टामाण्डु पेट्रोल पम्म | ९८४१४५९३९४ |
| ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| एसियन लाइफ उपशाखा कालिकोट | ०८७४४०२५५ |
| उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| मिसन न्यूज | ०८७–४४०२४२ |

# रारा तालमा घोडा चढ्ने पर्यटक बढे

**मिसन न्यूज**

**कालिकोट**-नेपालको प्रमुख पर्यटकीय गन्तव्यका रुपमा रहेको रारा तालमा घोडामा सयर गर्नेहरूको संख्या बढ्दै गएको छ । मुगुको ताल्चा विमानस्थलबाट रारासम्म जानका लागि दुइघण्टा लाग्ने भएकाले पर्यटकहरू घोडामा सयर गर्ने गरेका छन् । रारामा घोडा सयर गर्ने पर्यटकको संख्या बढेसँगै त्यस क्षेत्रमा घोडापालन गर्ने बढेका छन् ।



कर्णाली मुगुमा रहेको रारा ताल

रारा घुम्न आएका पर्यटकहरू घोडा चढेर रारा आसपासका क्षेत्रमा घुम्ने भएकाले त्यस क्षेत्रका बासिन्दाले घोडा व्यवसायमार्फत राम्रो आम्दानी लिने गरेको स्थानीय नरबहादुर बुढाले बताए । 'रारा घुम्न आउने पर्यटकको पहिलो रोजाइ घोडा हुने गरेको छ,' उनले भने, 'घोडाबाट अहिले यहाँका स्थानीयले राम्रो आम्दानी लिन थालेका छन् ।' रारा तालसम्म सडक सञ्जाल जोडिएको छैन । त्यसैले पर्यटकहरूले रारा तालसम्म पुग्न र त्यस क्षेत्रको पूर्णरुपमा अवलोकन गर्न मुर्मा टपसम्म पुग्न घोडाको प्रयोग गर्ने गरेका छन् । जसका कारण छायाँनाथ रारा नगरपालिका-८ भ्यारी, मुर्मा गाउँका प्रत्येक घरमा घोडा पालिएको छ । घोडापालक स्थानीय पर्यटकलाई घोडामा घुमाउन बिहान ६ देखि बेलुका ५ बजेसम्म घोडासहित उपस्थित हुने गरेको स्थानीय रामबहादुर बमले बताए । 'घोडापालकहरू बिहान नै पर्यटक घुमाउन घोडासहित उपस्थित हुने गरेका छन्,' उनले भने, 'यहाँ घोडा नहुने घर नै छैनन् ।' यहाँ घोडा चढेर रारा तालमा फोटो खिचेको २००, वरपर घुमेको ५००, ताल्चा एयरपोर्टदेखि रारा तालको हुटु व्यारेकसम्मका लागि २ हजारदेखि २ हजार ५०० रुपैयाँसम्म शुल्क लिने गरेका छन् । हुटु व्यारेकदेखि मुर्मा टपसम्मका लागि दुई हजार र रारा तालको वरिपरि घुमाएको २ हजार ५०० रुपैयाँ लिने गरेका छन् । पर्यटकलाई घोडामा घुमाएबापत घोडापालकहरुले दैनिक चारदेखि पाँच हजार रुपैयाँसम्म आम्दानी गर्दै आएका छन् । घोडालाई दाना, घाँस, आफ्नो खर्च छुट्याएर मासिक २० देखि २५ हजार रुपैयाँ बचत गर्ने गरेको मुर्मा गाउँका रणबहादुर रोकायाले बताए । 'पहिले रारा नजिकै भए पनि केही कमाइ नहुने रहेछ भनेर चिन्तित थियौं,' उनले भने, 'घोडा व्यवसाय फस्टाएपछि राम्रो आम्दानी भइरहेको छ ।'

## सूचना

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदा सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**जिल्ला स्वास्थ्य कार्यालय**
**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आागन सफा राखौं, किटजन्य रोग भगाऔं**

**रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं**

**जिल्ला स्वास्थ्य कार्यालय**
**कालिकोट**

### स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

(सव–डिभिजन प्रमुख) एवं
खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालिकोट

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔँ । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔँ । खेती योग्य बाझोँ जगगामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौँ, गराऔँ ।**

**नेपाल सरकार कृषि विकास मन्त्रालय**
**जिल्ला कृषि विकास कार्यालय,**
**कालिकोट**

## माटोमा हिरा छ ...

बताए । उनले भने, 'नयाँ वर्ष २०७५ को शुभ अवसरमा कर्णाली प्रदेशमा रहेको मुगु रारा तालबाट प्रधानमन्त्री केपी शर्मा ओलीले देश र जनताको नाममा सम्वोधन गर्ने कार्यले कर्णालीको इतिहासलाई नै उद्घाटन गरे जस्तै हुने ।'कानुन मन्त्री नरेश भण्डारीलगायतका तीनजना मन्त्री शुक्रबार कर्णाली प्रदेशको राजधानी सुर्खेत हुँदै दैलेख भएर कालिकोट पुगेका हुन् । आगामी नयाँ वर्ष २०७५ वैशाख १ गते रारा कर्णाली पर्यटन वर्ष २०७५ को प्रारम्भ रारा तालबाटै हुने भएकाले कर्णालीको पर्यटन विकासले फट्को मार्ने भएको छ। कर्णाली प्रदेशलाई पर्यटनमैत्री प्रदेश बनाउन बजेटको व्यवस्था गर्ने उद्योग वत तथा पर्यटनमन्त्री नन्दसिंह बुढाले बताए । कर्णालीको राराबाट प्रधानमन्त्री ओलीले समृद्धिको सन्देश दिने भएकाले कर्णालीवासीको विकास र समृद्धिको सपना पुरा हुने मन्त्री बुढाले बताए। रारा कर्णाली पर्यटन वर्ष २०७५ सफल पार्न जिल्ला समन्वय समितिका प्रमुख अनिपाल शाहीको संयोजकत्वमा २९ सदस्यीय जिल्ला स्तरीय पर्यटन मूल समारोह समिति चयन भएको छ।

## रास्कोट सिप्टीमा आवाशिय बिद्यालय स्थापना गरिदै

**मिसन न्यूज**

कालिकोट-कालिकोट जिल्लाको रास्कोट नगरपालिकाको निकै रमणीय ठाँउ सिप्टी बिशालीमा नेपालकै सुविधा सम्पन्न डिजिटल आवाशिय बिद्यालय स्थापना हुने भएको छ । कर्णाली फाउण्डेशनको पहलमा कालिकोट जिल्लाकै रमणीय पर्यटकिय क्षेत्र सिप्टी बिशालीमा नेपालकै नेपालकै सुविधा सम्पन्न डिजिटल आवाशिय बिद्यालय स्थापना हुने भएको हो । कर्णाली फाउण्डेशनले बुधबार पत्रकार सम्मेलन गरेर कालिकोटको रास्कोट नगरपालिकाको सिप्टी बिशालीमा नेपालकै सुविधा सम्पन्न आवाशिय बिद्यालय स्थापना गर्नका लागि यही चैत २४ गते रास्कोटमा बृहत सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको जनाएको छ। उक्त सांस्कृतिक कार्यक्रममा कर्णाली प्रदेशका मुख्य मन्त्री महेन्द्रबहादुर शाही, नेपालकै चर्चित कलाकारहरु केदार घिमिरे, पुस्कल शर्मा, सुकदेव अधिकारी र मध्यपश्चिमकै चर्चित डान्सर माया मगर लगायतका कलाकारहरु आउने जनाएको छ ।

**(भ्रष्टाचार विरुद्धको सहकार्य:सुशासनको लागि अपरिहार्य)**

**कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भ्रष्टाचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्यक्स गरी भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्‍याउन हुन अनुरोध छ ।**

**सम्पर्क ठेगाना**

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत**

**फोन नं. ०८३–५२५३७४, ०८३–५२३१७८, ०८३–५२१९६०**

**फ्याक्स नं. ०८३–५२३८८४**

**२४ सै घण्टा उपलब्ध हुने मोबाइल नं.९८५८०५३४२२**

**ईमेल ciaasurkhet@gmail.com**

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाइ सरसफाई बारे.............**

| हात अनिवार्य धुनपर्ने जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित व्यवहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यवहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**(सव–डिभिजन प्रमुख)**

**एवं खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय परिवार कालिकोट**

## श्री महावै गाउँपालिका

**गाउँकार्यापालिकाको कार्यालय**
**कर्णाली प्रदेश**
**पादमघाट, कालिकोट**

**मोटर सडक ट्र्याक खोल्ले सिल्बन्दि दरभाउपत्र आव्हान सम्बन्धी सुचना**

**प्रथम पटक प्रकाशित मिति २०७४/१२/१६**

चालु आ.व. २०७४/०७५ मा यस महावै गाउँपालिकाको मिति २०७४/१२/०७ मा बसेको कार्यपालिकाको निर्णय नं. ५ बमोजिम आ.व. ०७५/०७६ को वजेट बाट रकम भुक्तानी दिने गरि वडा नं. ३ मा पर्ने वडा कार्यालय देखि सिमखेत सितल बजार र वडा नं. ६ को हलाने देखि वडा नं. ५ को चेबेट्टे सम्म मोटर सडक ट्र्याक ओपन गर्नको लागि ईच्छुक कन्ट्र्याक्टरहरुबाट ईजाजत पत्र मु अ कर दर्ता प्रमाण-पत्रको स्थायी लेखा नम्बर लिएको प्रमाण-पत्र आ.व. २०७२/०७३ को कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी रु १०।- को टिकट टाँसी कारवाहीमा नपरेको स्वय घोषणाको निवेदन साथ यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालयको समयमा यस कार्यालयमा निवेदन पेश गर्न सकिने छ। यो सुचना प्रकाशित भएको १६ औं दिनको १२ वजे भित्र यस कार्यालयमा रितपुर्बक दर्ता हुन आएका शिलवन्दि दर भाउपत्रहरु सोही दिनको ३ बजे उपस्थित दभाउपत्र दाता वा निजका प्रतिनिधिहरुको रोहवरमा श्री महावै गाउँपालिकाको कार्यालयमा खोलिने छ । अन्य जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयमा सर्म्पक राख्न सकिने छ ।

| क्र.सं. | कामको विवरण | जमानत बापतको धरौटी रकम रु | दरभाउपत्र फारमको मुल्य रु | कामको अधिक्तम मापदण्ड |
|---|---|---|---|---|
| १ | वडा नं. ३ को वडा कार्यालय देखि सिमखेत सितल बजार र वडा नं. ६ को हलाने देखि वडा नं. ५ को चेबेट्टे ढुग्गा सम्म मोटर बाटो ट्र्याक ओपन | | १०००।- एक हजार पछि फिर्ता नहुने गरी | ब्रेकर प्रति घण्टा ८०००।- र बोगेट प्रति घण्टा रु ६०००।- |

**नन्दप्रसाद देवकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**

## बेस्ट कर्णाली मिडियाको नौलो धमका

बेस्ट कर्णाली मिडिया प्रालिद्वारा प्रेस काउन्सिल नेपालमा प्रदेश नम्बर ६ बाट प्रथम सुचिकरण भएको **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक पत्रिका प्रकाशन भईरहेको छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधैं यहाँको साथमा छौं ।

हाम्रा विशेषताहरु

– सरकारी, गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन ।
– अनलाईन पत्रिका डिजाइन ।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
– वेव तथा अनलाईनका लागि होस्टीग ।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
– भिडियो डकुमेन्ट्रीउत्पादन ।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२

इमेल : bestkarnalimedia@gmail.com

missionnewsp@gmail.com